मा. लेखराज भट्ट
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन नं. : ४२११६८६, ४२११२९१
फ्याक्स नं. : ९७७-१-४२११६१९

प.सं. :
च.नं. :

## उद्योग र पूर्वाधार : समृद्धिको आधार

## राष्ट्रिय उद्योग दिवस, २०७६

## शुभकामना मन्तब्य

राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाई समृद्ध अर्थतन्त्र निर्माण गर्ने राज्यको आर्थिक उद्येश्य पुरा गर्न उद्योगक्षेत्रको सबैभन्दा महत्वपूर्ण भूमिका हुन्छ। **"समृद्ध नेपाल, सुखी नेपाली":** राष्ट्रिय लक्ष्यलाई हासिल गर्न उच्च र दीगो उत्पादन तथा उत्पादकत्वमा जोड दिनु जरुरी छ।औद्योगिकरण तथा उद्यमशिलताको विकासद्वारा रोजगारी सिर्जना,उत्पादन र उत्पादकत्वमा बृद्धि,आयात न्यूनिकरण र निर्यात प्रबर्द्धन गर्न उद्योग क्षेत्रको विकास हुनु पर्दछ। नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमवाट सुशासन, विकास र समृद्धि हासिल गर्ने कार्यमा संघ, प्रदेश र स्थानीय तह बीच समन्वय गरी सरकारी, निजी तथा सहकारी क्षेत्रको सहकार्यमा आर्थिक विकासका क्रियाकलापहरुलाई अग्रगति प्रदान गर्नु आवश्यक छ।

मुलुकको आर्थिक विकासका प्रमुख स्तम्भहरु मध्ये एक बलियो आधारस्तम्भ औद्योगिक विकास नै हो। देशको अर्थतन्त्रको आकार बृद्धि गर्नु र त्यस आकारमा औद्योगिक क्षेत्रको योगदानमा अभिबृद्धि गर्नु चुनौतीपूर्ण भए तापनि वर्तमान अवस्थामा आर्थिक विकासका परिसूचकहरुले आशलाग्दो वातावरण निर्माण गरिरहेका छन्। सरकारले अपनाएका नीति तथा कार्यक्रम बमोजिम लगानी मैत्री वातावरण निर्माण गर्न गरिएको नीतिगत सुधार, संस्थागत प्रवन्ध र औद्योगिक पूर्वाधार निर्माणको प्रगतिवाट स्वदेशी तथा विदेशी लगानी आकर्षित हुनेमा विश्वस्त हुने प्रशस्त आधार निर्माण गरेको छ। राजनीतिक स्थिरतासँगै आर्थिक समृद्धि अहिले सबैको मुख्य एजेण्डा बनेको सन्दर्भमा सम्बन्धित राष्ट्रसेवकहरुले उद्योगमैत्री सेवा प्रवाह गर्नुहुनेछ र निजीक्षेत्रवाट सबै उद्योगी, व्यवसायी तथा लगानीकर्ताले ढुक्कसँग लगानी गरी जिम्मेवारपूर्ण व्यवसाय मार्फत आत्मनिर्भर र सुदृढ अर्थतन्त्र निर्माणमा अहम भूमिका निभाउनु हुनेछ भन्ने कुरामा म विश्वस्त छु।

अन्तमा पाँचौ राष्ट्रिय उद्योग दिवसलाई संघ, प्रदेश तथा स्थानीय स्तरमा निजीक्षेत्र समेतको सहभागितामा भब्यताका साथ मनाउदै औद्योगिकरणमा टेवा पुग्ने गरी सन्देश प्रवाह हुने अपेक्षाका साथ शुभकामना ब्यक्त गर्दै यहाँहरु सबैलाई धन्यवाद दिन चाहन्छु।

मिति:२०७६।०८।०९

लेखराज भट्ट
**मन्त्री**
उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय

मा. मोतीलाल दुगड
राज्य मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं. :
च.नं. :

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

**उद्योग र पूर्वाधार : समृद्धिको आधार**

**राष्ट्रिय उद्योग दिवस,२०७६**

## शुभकामना मन्तब्य

देशको आर्थिक विकास गर्न उद्योगक्षेत्रको विकास हुनु अपरिहार्य छ । उद्योगक्षेत्रको विकास र विस्तारद्वारा राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाउने दीर्घकालिन लक्ष्य पुरा गर्न स्वदेशी तथा विदेशी लगानी बढाई रोजगारी सिर्जना गर्नु,उत्पादनमा विविधिकरण तथा बृद्धि गर्नु, उत्पादकत्व बढाउनु र राजस्व बृद्धिमा योगदान दिनुमा अहम भूमिका रहेको छ । यस क्षेत्रको विकासका लागि पूँजीलाई उत्पादनशिल क्षेत्रतर्फ प्रवाहित गर्नु र नविन प्रविधिमा जोड दिनु,स्थानीय स्रोतसाधनको उपयोग, परम्परागत सीप र प्रविधिको प्रबर्द्धन, उद्योगको प्रतिष्पर्धात्मक क्षमता बढाई निर्यात प्रवर्द्धन र आयात व्यवस्थापन गर्नु, बौद्धिक सम्पत्तिको संरक्षण गर्नु, नवप्रवर्तन र आविष्कारलाई औद्योगिकरणमा आवद्ध गराई योजनाले लिएको दीगो रोजगारमूलक र उच्च प्रतिफलयुक्त औद्योगिक विकास गर्ने तथा गरिवी न्यूनिकरण गर्ने राज्यको दीर्घकालिन सोचलाई साकार पार्ने कार्यमा मद्धत पुर्याउन आज राष्ट्रिय उद्योग दिवसको यस अवसरमा म सरोकारवाला सबैलाई आह्वान गर्दछु ।

उद्योगको संख्या र औद्योगिक लगानीमा भईरहेको बृद्धि, निजीक्षेत्रको उत्साहजनक सहभागिता, उच्चस्तरीय सार्वजनिक-निजी संवादको मञ्च गठन भएवाट राज्यले उद्योगी र व्यवसायीलाई आर्थिक विकासका संवाहकको रुपमा लिएको छ । राज्यले उद्योगी व्यवसायीलाई प्रोत्साहन स्वरुप दिएका सेवा, सुविधा र सहुलियतवाट अधिकतम लाभ लिई आफ्नो व्यवसायलाई सक्षम र सुदृढ बनाउन, उद्योग स्थापनाका लागि पहिचान गरिएका लगानी संभावना भएका क्षेत्रमा लगानी गर्न, तुलनात्मक लाभका क्षेत्रमा लगानी गरी निर्यातमूलक उद्योग मार्फत विदेशी मुद्रा आर्जन गर्न र अर्थतन्त्रको मुख्य चुनौतीको रुपमा रहेको ब्यापार घाटालाई न्यूनिकरण गर्दै दैनिक उपभोग्य वस्तुहरुको उत्पादनमा आत्मनिर्भर बन्न निजीक्षेत्रले सहयोगी भूमिका निभाउन सक्दछन् । निर्माण भई रहेको लगानीको प्रतिफलको सुनिश्चितता र उद्योगमैत्री वातावरणमा देशमा औद्योगिक विकास होओस् र देशले आर्थिक समृद्धिको उडान भर्न सकोस्, यही छ मेरो शुभकामना ।

मिति:२०७६।०८।०९

मोतीलाल दुगड
**राज्यमन्त्री**
उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:
च.नं.:

## उद्योग र पूर्वाधार : समृद्धिको आधार
## राष्ट्रिय उद्योग दिवस, २०७६

### शुभकामना मन्तब्य

राष्ट्रिय उद्योग दिवस, २०७६ को अवसरमा उद्योगी,व्यवसायी, लगानीकर्तालगायत उद्योग क्षेत्रको विकासमा योगदान दिनुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

उद्योग प्रशासनलाई संघीयता अनुकुल बनाउन तथा लगानीमैत्री, उद्योगमैत्री वातावरण निर्माण गर्न प्रशस्त नीतिगत सुधार, संस्थागत व्यवस्था र प्रकृयागत सरलीकरण भएका छन् । उद्योग व्यवसाय र लगानीसँग प्रत्यक्ष रुपमा सम्बन्धित पन्ध्रवटा कानुनको निर्माण तथा परिमार्जन गरिएको छ । राज्यको तर्फवाट लगानीकर्तालाई उपलब्ध गराईएको सेवा, सुविधा र सहुलियत एकै थलोवाट प्रदान गर्नउद्योग विभागमा एकल विन्दु सेवा केन्द्र स्थापना गरी संचालनमा आईसकेको छ । विदेशी लगानी कर्तालाई सहजीकरण गर्न लगानी सहजीकरण कक्षको निर्माण गरी आतिथ्यता सहित सहजीकरण गर्ने कार्य भैरहेको छ । औद्योगिक पूर्वाधारहरु प्रदेशस्तरमा नयाँ औद्योगिक क्षेत्र,विशेष आर्थिकक्षेत्र र औद्योगिक ग्रामको निर्माणले उद्योगहरुको स्थापनामा लागत न्यूनिकरण र सहजताल्याई थप सुविधाको महशुस हुनेछ । लघु, घरेलु तथा साना उद्योगको प्रबर्द्धनमा र महिला उद्यमीलाई थप सुविधा र सहुलियत प्रदान गर्न मन्त्रालयले सदैव सकारात्मक भूमिका खेलिरहेकोछ । नेपालमा व्यवसाय गर्ने वातावरणमा विश्व बैंकको पछिल्लो प्रतिवेदन अनुसार विगत भन्दा १६ (सोह्रौं) स्थान माथी उक्लिई उल्लेखनिय सुधारको संकेत देखिएको छ । अर्थतन्त्रलाई उत्पादनमुखी र निर्यातमूलक बनाई दिनप्रतिदिन बढ्दै गएको ब्यापारघाटा न्यूनिकरण गर्न,प्रतिष्पर्धात्मक क्षमता भएका क्षेत्रमाउत्पादन बढाई नेपाली उत्पादनलाई अन्तराष्ट्रिय वजारमा पहिचान स्थापित गर्न र स्वदेशी उद्योगवाट उत्पादित बस्तु तथा सेवालाई प्रवर्द्धन गर्न सार्वजनिक निकायर निजीक्षेत्रले समेत स्वदेशी वस्तु उपयोग गर्ने कार्यको शुरुवात गर्नुपर्ने पक्षलाई जोड दिन चाहन्छु ।

यस अवसरमा औद्योगिक विकासको माध्यमबाट आर्थिकसम्बृद्धि हासिल गर्न सम्बद्ध सबै पक्षको सहयोग र समन्वयको अपेक्षा गर्दै पुन:शुभकामना ब्यक्त गर्दछु ।

मिति:२०७६।०८।०९

याम कुमारी खतिवडा
**सचिव**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
E-mail: info@moi.gov.np, Website: http://www.moi.gov.np